# स्वतन्त्र प्रेसका लागि सूचनाको हक

*– विनयकुमार कसजू*

लोकतन्त्रमा जनता नै देशको मालिक हुन्छ र सरकार जनताप्रति उत्तरदायी हुन्छ । यसका लागि मुख्य दुई कुरा चाहिन्छन् : सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रता । सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रताको कार्यान्वयनमा स्वतन्त्र प्रेसले प्रमुख भूमिका खेल्छ । यसैले लोकतन्त्रको सुस्वास्थ र सुसंचालनका लागि सूचनाको हक र प्रेस स्वतन्त्रता दुई अनिवार्य पूर्वाधार हुन् ।

जनताले संसद र सरकार चुन्न, तिनले बनाएका नीति ऐन, कानुनको विश्लेषण गर्न, सरकारका कामकारवाही बुझ्न र भ्रष्टाचाररहित बनाउन तथा राज्यका नीति निर्माणदेखि विभिन्न कार्यमा सहभागी हुनका लागि राज्यका सबै निकायका सूचना चाहिन्छ । सही सूचनाले नै सही निर्णय गर्न सघाउँछ । अभिव्यक्ति स्वतन्त्रताको अधिकार प्रयोग गरेर जनताले आफ्नो विचार, अभिमत व्यक्त गर्छन् र सरकारलाई सचेत, संवेदनशील र जिम्मेवार बन्न वाध्य पार्छन् ।

सूचनाका हकलाई मानवअधिकार घोषणाको धारा १९ ले यसरी स्पष्ट पारेको छ : “हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार छ । यो अधिकारभित्र कुनै बाधा बिना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनबिना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।”

यो धाराले अभिव्यक्ति स्वतन्त्रताका दुइटा महत्वपूर्ण पक्षलाई समेटेको छ : १) कुनै पनि विचार गर्ने, विचार मान्ने, विचार अभिव्यक्त गर्ने, विचार प्राप्त गर्ने स्वतन्त्रता । २) विचार र सूचना खोज्न, पाउन र बाँड्न/फैलाउन लिखित, मुद्रित, चित्र, ध्वनि, चलचित्र, डिजिटल आदि कुनै पनि माध्यम र भाषाको स्वतन्त्रता । यो अधिकारले विचार र सूचना फैलाउने काममा राज्यको भौगोलिक र राजनीतिक सीमालाई पनि मान्दैन ।

सरकारले गरेको हरेक आम्दानी खर्चको हिसाब जनताले थाहा पाउनु पर्छ । आफूले चुनेका प्रतिनिधिहरु र राज्यको ढुकुटीबाट तलब भत्ता खाने र सुविधा उपभोग गर्नेहरूले पदीय हैसियतले गरेका सम्पूर्ण कामकुरा थाहा पाउने हरेक नागरिकको अधिकार हुन्छ । उनीहरुले गरेका निर्णयहरू मन्त्रालयदेखि गाउँसम्म कसरी कार्यान्वयन भए भनेर जनताले जान्न पाउँछन् । सरकारले के निर्णय गर्‍यो भनेर सुनाएर मात्रै पुग्दैन । कुनै निर्णय किन र कसरी गरियो भन्ने कुरा पनि जनताले थाहा पाउनुपर्छ । आफूले तिरेको करबाट चल्ने र आफ्नो र देशको नाममा आउने सहयोग लिने सरकार मात्रै होइन अन्य सार्वजनिक संस्थाले पनि कसरी काम गरिरहेका छन्, कति र कसरी खर्च गरिरहेका छन् इत्यादि कुरा जान्ने अधिकार सम्पूर्ण नागरिकलाई हुन्छ । सरकारसँग भएका सबै सूचना जनताको नासो हो । सरकारले त्यसको संरक्षण र व्यवस्थापन गर्ने मात्रै हो । वास्तवमा सूचनाको हक अन्य सबै हक दिलाउने मुख्य स्रोत र आधार हो । यो हकबिना जनताका अरू अधिकार अधुरा हुन्छन् ।

सूचनाको हकको प्रभावकारी कार्यान्वयन भयो भने यसले नागरिकलाई यस्तो समाजमा बाँच्न सहयोग गर्छ जहाँ भ्रष्टाचार कम हुन्छ, भोकबाट मर्ने सम्भावना कम हुन्छ, मानवअधिकार, व्यक्तिको गोपनीयताको अधिकार, वातावरणको सम्मान हुन्छ । समाज बढी स्वस्थ र सुखी हुन्छ । भोकबाट मुक्त र स्वस्थ समाजमा बाँच्न सघाउँछ । देश बढी सुरक्षित हुन्छ । राजनीतिक व्यवस्था बढी लोकतान्त्रिक हुन्छ । सरकार र प्रशासन बढी सक्षम र उत्तरदायी हुन्छ । निर्णय प्रक्रिया बढी लोकतान्त्रिक हुन्छ । अर्थतन्त्र सक्षम, पारदर्शी र जिम्मेवार हुन्छ । सार्वजनिक निकायहरूले नागरिकहरूलाई झन राम्रो, जिम्मेवारयुक्त र संवेदनशील व्यवहार गर्छन् ।

प्रेसलाई जहिले पनि सूचनाको खाँचो हुन्छ । सूचनाको प्रमुख स्रोत सरकार हो । तर सरकारी निकायबाट सूचना पाउनु जहाँ पनि सँधै समस्या रहेको छ । सूचनाको हकको अभावमा पत्रकारहरूले मन्त्री वा कर्मचारीसँग व्यक्तिगत सम्बन्धको आधारमा सूचना पाउने वाध्यता हुनसक्छ । तर यो व्यवस्था सरकार, पत्रकार र अडियन्स (पाठक, श्रोता र दर्शक) सबैको लागि उत्तिकै हितकर हुन सक्दैन । यस्तो उपाय पूर्ण विश्वसनीय र स्थायी पनि हुँदैन । सूचनादाताको हित यसमा गाँसिएको हुन सक्छ । कतिपय अवस्थामा सूचनाको स्रोत र पत्रकारबीचको सम्बन्धको अप्रत्यक्ष प्रभाव सूचनामा परेको हुन्छ ।

व्यक्तिगत सम्बन्धको आधारमा प्राप्त हुने सूचनामा कसैको व्यक्तिगत हित, गुणगान वा प्रसंशा वा स्वार्थ लुकेको हुन सक्छ । कथित 'विश्वसनीय स्रोत' ले कसैसँग रिस फेर्न पनि सूचना दिन सक्छ । पत्रकार अनजानमा कसैको हतियार बन्ने सम्भावना हुन्छ । समाचारको स्रोतको रक्षा गर्ने पत्रकारिताको आचारको आडमा अपराधी लुकाउने काम पनि हुनसक्छ । जुन व्यक्तिको अनियमितताको भण्डाफोर हुनुपर्थ्यो त्यही व्यक्ति समाचारको स्रोत बनेको हुनसक्छ ।

व्यक्तिगत सम्पर्कको आधारमा सूचना पाउने तरिकामा अर्को पनि खतरा छ । सूचनादाताले भनेभनेको वा उसको अनुकूल समाचार प्रकाशित हुँदासम्म उसले पत्रकारलाई स्वागत गर्छ । तर उसलाई मन नपर्ने समाचार वा उसको वा उसको कार्यालयको अनियमितताको समाचार खोतल्न खोज्यो भने उसले पत्रकारसँग सम्बन्ध तोड्न सक्छ । यस्तोमा पत्रकार कुनै कर्मचारीको कठपुतली बन्ने संभावना हुन्छ ।

सूचनाको हकले पत्रकारलाई व्यक्तिगत सम्बन्धको आधारमा समाचार प्राप्त गर्नुपर्ने वाध्यतालाई समाप्त पारिदिन्छ । यसले पत्रकारलाई सूचनाको भरपर्दो आधार प्रदान गर्छ । यो ऐनका आधारमा उसले विशेष समाचार भेट्टाउन सक्छ । खोजी पत्रकारितालाई पनि यसले निक्कै सघाउ पुर्‍याउँछ । बेलायतमा सूचनाको प्रयोग गरेर पत्रकारहरुले सरकारी फाइलमा लुकेका हजारौं समाचारहरू बाहिर ल्याएका थिए ।

समाचारको एउटा प्रचलित परिभाषा यस्तो छ : "जुन कुरा लुकाउन खोजिन्छ त्यो समाचार हो । अरू सबै विज्ञापन हो ।" सूचनाको हक ऐनले लुकाउन खोजेको कुरालाई पत्ता लगाउन सघाउँछ । कुनै विषयमा सूचना दिन कसैले इन्कार गर्‍यो वा अधुरो समाचार दियो भने पत्रकारले कहाँ गडबडी छ भन्ने अनुमान लगाउन सक्छ । अर्थात् यसले समाचारको क्लु दिन्छ ।

सूचनाको हक लागू हुनुअघि र पछिको पत्रकारितामा तात्विक भिन्नता छ । पत्रकार, प्रेसले यो तात्विक भिन्नता र पुरानो परम्परामा आउने आमूल परिवर्तन (यु-टर्न) लाई बुझ्नु आवश्यक छ । यसले पत्रकारलाई नयाँ भूमिका, आधार र अवसर प्रदान गर्छ । सूचनाको हक ऐनले सबै सरकारी निकायमा भएका र प्रेसलाई चाहिने सही र यथेष्ठ सूचना प्रवाहित र उपलब्ध गराउन वाध्य पार्छ । प्रत्येक सरकारी निकायको कामको बारेमा सूचना पाउनु पर्ने जनताको अधिकारले प्रेसको अधिकारलाई पनि सुनिश्चित गर्छ । यसैले सूचनाको हकसम्बन्धी कानुनले सरकारी निकायहरूमा सूचना निकायहरू स्थापना गर्न र तिनमा काम गर्ने सूचना अधिकारीहरूलाई प्रेससँग व्यवहार गर्ने दक्षता अर्थात् जनसम्पर्क सीप प्रदान गर्छ ।

अधिकांश मानिसले आफैले, व्यक्तिगत र प्रत्यक्ष रूपले सूचनाको हक कानुनको प्रयोग, अभ्यास गर्दैनन् । धेरै मानिसहरू प्रायः संसद र अदालतमा जाँदैनन् । न त उनीहरूले सरकारी कार्यालयमा भएका अभिलेख, लिखतहरू वा अन्य सूचना लिन खोज्छन् । तर समाजका अधिकांश सदस्यहरूले सूचना पाउन चाहन्छन् । यसका लागि उनीहरूले आमसंचारका माध्यम अर्थात् अखबार, रेडियो टेलिभिजन र अब आएर वेबसाइटको उपयोग गर्छन् ।

जनताले प्रेसबाट विभिन्न प्रकारका कुराहरूको अपेक्षा गर्छन् । समाजमा भइरहेका महत्वपूर्ण विषयहरूबारे प्रेसले जानकारी गराइराखोस् भन्ने पनि चाहन्छन् । संसदमा कुनै कानुन पास हुन लागेको छ, अदालतमा महत्वपूर्ण मुद्दामा बहस भइरहको छ, सरकारले कुनै महत्वपूर्ण आर्थिक नीति बनाउँदैछ वा मन्त्रीलाई भ्रष्टाचारको आरोप लागेको छ भने प्रेसले ती विषयमा सूचित गरोस् भन्ने आमजनताले आशा गर्छन् । यसैले प्रेसले आफू सूचित भएर जनतालाई सुसूचित गर्नका लागि सूचनाको हक ऐनको उपयोग गर्छ । तर कुनै पनि देशको सूचनाको हक ऐनले प्रेसलाई बेग्लै वा विशेष व्यवहार गर्दैन, न त कुनै संस्था वा पदाधिकारीलाई विशेष व्यवहार गर्छ । देशको नागरिकको हैसियतले यो अधिकार प्राप्त हुन्छ ।

निश्चय नै प्रेसले सार्वजनिक निकायसँग सूचना माग्नु भनेको आफ्नो लागि नभएर आफ्ना अडियन्स, र व्यापक रूपमा भन्नु पर्दा नागरिकका लागि मागेको हो । प्रेसले जनताको प्रतिनिधि भएर यो अधिकार मागेका हुन् । तर आमजनताले प्रेसबाट पाउने सूचना र सरकारबाट आमजनतालाई चाहिने सूचनाबीच धेरै भिन्नता हुन्छ । प्रेस आमसंचार भएको हुनाले त्यसलाई व्यक्तिगत वा थोरै व्यक्ति प्रभावित हुने सूचना त्यति उपयोगी हुँदैन ।

नेपालमा सूचनाको हकको लागि पत्रकारिता क्षेत्रले सबैभन्दा पहिले आवाज उठाएको हो । पत्रकार महासंघले यसको लागि विधेयक तर्जुमा पनि गरेको हो । यसैले हुनसक्छ सूचना अधिकार प्रेसको मात्रै सरोकारको विषय हो कि भन्ने भ्रम धेरैलाई छ । तर अन्यत्र सरकारी निकायमा व्याप्त भ्रष्टाचार र शोषणको विरुद्ध लडनका लागि नागरिक समाजले सूचनाअधिकारको लागि संघर्ष गरेका थिए । यसरी नेपालमा सूचनाको हकको उद्देश्य अभिव्यक्ति र प्रेस स्वन्त्रताका लागि हो भन्ने बुझाइ र सोचले काम गरेको देखिन्छ भने अधिकांश मुलुकमा सूचनाको हक सुशासनका लागि आमनागरिकले प्रयोग गरिएको देखिन्छ । वास्तवमा अभिव्यक्ति र प्रेस स्वतन्त्रता पनि आखिरमा सुशासन र लोकतन्त्रकै लागि हो ।

नेपाली प्रेसको लागि सूचनाको हक ऐनको प्रयोग नयाँ अनुभव हो । यसको प्रयोग सही तरिकाले सही ठाउँमा गरेर वांछित परिणाम हासिल गर्ने अभ्यास गर्न बाकी नै छ । नयाँ हतियार चलाउन सिक्न समय लाग्नु स्वाभाविक हो । तर लोकतन्त्रका लागि पत्रकारितता गर्नु छ भने यो सीप नसिकी हुँदैन । यदि नेपाली प्रेस आफ्नो हातमा परेको यो नयाँ शक्तिको बारेमा सचेत भएनौँ र लोकतन्त्र र जनताको हितमा यसको प्रयोग गर्न थालेनौँ भने यो हकलाई खुम्च्याउने प्रयास सुरु हुन सक्छ । यसबारे नेपाली प्रेस चनाखो हुनु पर्छ । अब सूचनाको हक सम्बन्धी कानुनलाई कानुनका ठेलीहरूमा बन्द राख्नु हुँदैन प्रचलनमा ल्याएर यसलाई तिखार्नु आवश्यक छ । सूचनाको हक कानुन बन्दैमा यो लागू हुन्छ र सबैले खुला र स्वेच्छाले सूचना लिनदिन थाल्छन् भन्न सकिन्न । सूचनाको हक ऐन ल्याउन पत्रकारहरुले संघर्ष गरेझैँ यसको कार्यान्वयनका लागि पनि पत्रकारहरुकै अग्रसरता आवश्यक छ ।

गोरखापत्र दैनिकः २०६६ जेठ ८ गते प्रकाशित